# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०९।०७ गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

इन्द्रप्रसाद भट्टराईले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी शिक्षकको ओहदामा बहाल रहेकोले कारबाही गरिपाउँ भनी परेको उजुरी उपर अनुसन्धान हुँदा श्री जय कालिका माध्यमिक विद्यालय, बर्दियाका शिक्षक इन्द्रप्रसाद भट्टराईले आई.एस्सी. तहको शैक्षिक योग्यताको झुट्टा एवं नक्कली प्रमाणपत्र पेश गरी नि.मा.वि. स्थायी शिक्षकको सार्वजनिक पद धारण गरी सार्वजनिक सेवामा वहाल रही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेको हुँदा निज शिक्षक इन्द्रप्रसाद भट्टराईलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता

प्रदीपकुमार कोइराला